# केटाकेटीहरुको जवर्जस्ती करणी गर्नु

केटाकेटीहरुलाई जवर्जस्ती गर्नु गैरकानूनी तथा अपराध हो । कसैलाई लोभ लालचा देखाएर अथवा फाईदा जस्तै खाना, वस्ने ठाँउ मिलाएर अथवा लागु पदार्थ तथा जाँडरक्सी ख्वायर त्यसको सट्टामा फाइदा लिन खोज्नु भन्ने वुझिन्छ । विश्वासी व्यक्ती अथवा अधिकार प्राप्त व्यक्ती जस्तै शिक्षक, कानुन व्यवसायी, नातेदार, पण्डितले (मिनिस्टर) उमेर नपुगेका (१८ वर्ष भन्दा कम) व्यक्तीलाई जवर्जस्ती, हातपात गर्न खोज्नु र आफ्नो शरिरको अँगमा छुन लगाउनु अथवा उनिहरुको अँग छुन प्रयास गर्नु लाई जवर्जस्ती गर्न खोजेको रुपमा लिइन्छ ।

## कसलाई यौन पिडित (शोषित) भन्ने वुझिन्छ ?

धेरैजसो यौन पिडित व्यक्तिहरु मध्ये महिलाहरु, कलिला उमेर नपुगेका केटीहरु (तरुनी) पर्दछन् तर केटाहरु पनि यौन पिडित हुनसक्छन् । त्यस्ता यौन पिडितहरु मध्ये धेरैको घरमा गृह कलह, अपहेलित, छोटो समय अथवा लामो समय घरवार विहिन भएका हुनसक्छन् । घरवार विहिन भएको अवस्थामा उमेर पुगेका व्यक्तीहरुले उमेर नपुगेका केटाकेटीहरु वाट अनावश्यक यौन फाईदा लिने गर्दछन् ।

## सहमती यौन क्रियाकलापको लागी न्युनतम (कम्ति) उमेर कति हो ?

सहमती यौन क्रियाकलापको लागी क्यानडामा कम्तिमा १६ वर्ष पुगेको हुनुपर्छ । १६ वर्ष पुगेको व्यक्तीले आफ्नो यौन क्रियाकलाप सम्वन्धि निर्णय गर्न सक्षम ठानिन्छ । यौन क्रियाकलापवारे निर्णय गर्न सक्ने भएपनि १६ वर्ष पुगेको व्यक्तिलाइ उमेर पुगेको व्यक्ति सरह ठानिने छैन । म्यानिटोबामा १८ वर्ष पुगेको व्यक्तिलाइ मात्र उमेर पुगेको व्यक्ति सरह ठानिने छ । १६ वर्ष पुगेको व्यक्तिले केवल अधिकार प्राप्त व्यक्ति वा विश्वासीलो व्यक्ति वाहेक अन्य व्यक्तिहरुसँग यौन सम्वन्धि निर्णय गर्न सक्छ । अधिकार प्राप्त व्यक्ति वा विश्वासीलो व्यक्तिले १८ वर्ष नपुगेको व्यक्तिहरु सँग यौन सम्पर्क गर्नु कानून विपरीत (गैरकानूनी) हो । कानून पालना गर्ने कर्तव्य उमेर पुगेको व्यक्तिको हो ।

## यदि तपाईले केटाकटीहरुको यौनशोषण गरेको अपराध पत्ता लागेमा / थाहा भएमा के हुन्छ?

यदि तपाईले १६ वर्ष नपुगेको केटाकेटीको यौन शोषण गरेको अपराध सावित भएमा तपाइलाई १० वर्ष सम्मको जेल सजाँय र क्यानडावाट निस्काषित हुन सक्नु हुनेछ । तपाईको परिवारको र तपाईको जातिय वर्गको (समुहको) विश्वशनियता प्रतिको शंका तपाईको समाजमा पर्नेछ । प्रहरीले तपाईको नाम केटाकेटीहरुको दूर्व्यवहार दर्ता खातामा (चाइल्ड एव्युज रेजीस्टर) मा चढाउने छ जुन खाता सवैले देख्न सक्नेछन् । तपाईले जीवनभर लाजमर्दो भएर वाच्नु पर्ने छ र वस्ने ठाँउ तथा काम पाउन धेरै अप्ठयारो पर्न सक्ने छ ।

## श्वास्थ्यमा पर्ने असरहरु के हुन?

यौनशोषित / यौन पिडित केटाकेटीमा यौनद्वारा सर्ने रोगहरु (एसटीआइ) अथवा एचआईभी लाग्न् सक्छ । यदि कन्डम विना यौन सम्पर्क गरेमा तपाईवाट यौनसम्पर्क गरेको केटाकेटीहरुलाई अथवा उनीहरुवाट तपाईलाइ यौनद्वारा सर्ने रोगहरु लाग्न सक्छ । त्यस्तो रोग लागेको व्यक्तिहरुलाई एचआइभी हुन्छ । एचआइभीले एड्स ल्याउछ जुन रोगको उपचार छैन । यदि तपाईलाई एचआइभी भएता पनि थाहा नहुन सक्छ किनकी तेस्को लक्षणहरु देखा नपर्न सक्छ । तपाईलाई रोगको लक्षणहरु देखा नपरेता पनि तपाईको कारणले तपाईको श्रीमान वा श्रीमती र भविष्यमा जन्मने छोराछोरीहरुलाई सो रोग लाग्न सक्नेछ ।

## कसैले केटाकेटीलाई यौन शोषण गरे जस्तो लागेमा तपाईले के गर्ने ?

केटाकेटीहरुलाई यौन शोषणवाट वचाउनु प्रत्येक उमेर पुगेको व्यक्तिको कर्तव्य हो । यदि तपाईलाई केटाकेटीहरु यौन शोषित अथवा दुर व्यवहार भएको चिन्ता लागेमा प्रहरी, केटाकेटी तथा परिवार सेवा, अथवा श्वास्थकेन्द्रको एसटिआइ विभागलाई खवर गर्नु होला । तपाईले आफ्नो नाम दिनु पर्ने छैन र तपाईले दिनु भएको जानकारी गोप्य राखिने छ । यदि तपाइलाई जानकारी कसरी दिने निस्चित नभएमा सल्लाहकारलाई सोध्नुहोला र आवश्यक सहयोग माग्नुहोला ।

निम्नलिखित कियाकलापहरु कानून विपरित (गैरकानूनी) हुन् । यदि निम्नलिखित कियाकलापहरु भएमा तपाईले प्रहरीलाई खवर गर्नुहोला:

- उमेर पुगेको व्यक्तिले सडकमा १८ वर्ष नपुगेको व्यक्तिसँग यौन सम्पर्क गर्न चाहेमा वा अनुरोध गरेमा
- कुनै व्यक्तिले केटाकेटीलाई वेश्यावृत्तिको लागि वेचविखन गरेको थाहा पाएमा
- केटाकेटीको दूर्वव्यावहार गरेको तस्विर (नग्न तस्विर) इन्टरनेटमा राखेको थाहा पाएमा
- केटाकेटीलाई यौन सम्वन्धको लागि इन्टरनेट द्वारा सम्पर्क गर्न खोजियमा
- यदि तपाईले यौन शोषण गराउने उद्देश्यले केटाकेटीहरुको यात्रा वढावा / प्रोत्साहन दिने खाल्को वेभसाइटहरु थाहा भएमा
- तपाईको छिमेक वरपर कुनै घरमा केटाकेटीहरुको यौन शोषण गर्नको लागि उपयोग गरेको शँका लागेमा
- यदि तपाईलाई केटाकेटीहरुको घरमा परिवारद्धारा, विद्यालयमा, अथवा अन्य कुनै ठाउमा केटाकेटीको यौन पिडित / शोषित भएको जानकारी भएमा

तपाईले माथि उल्लेखित कानून विपरीत कियाकलापहरुको जानकरी इन्टरनेट www.cybertip.ca मार्फत, विनिपेग प्रहरीलाई ९८६–३४६४, अथवा wps-vice@winnipeg.ca मा इमेल गर्नुहोला । थप जानकारीको लागि www.stopsexwithkids.ca मा हेर्नुहोला ।